# राजगढ गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल

प.स :- ०७८।०७९
चं.न :-

मिति :- २०७८।०७।०९

**विषय :- वडा नं ४ को पोखरी ठेक्काको शिलबन्दी बोलपत्र आहवानको सूचना ।**
**प्रथम पटक प्रकाशित मिति : २०७८।०७।०९**

स्थानीय सरकार संचालन ऐन , २०७४ बमोजिम यस गाँउपालिकाको स्वामित्व र संरक्षणमा रहेको राजगढ वडा नं. ४ को तपसिलमा उल्लेखित पोखरीहरुको मत्स्य पालन गर्न आ.व ०७८।०७९ देखी ३ वर्षका लागी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलवन्दी बोलपत्र आह्वान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७८।०७।०९ गते देखी २०७८।०७।१५ गते कार्यालय समय भित्र रु १०००।०० अक्षरेपी एक हजार (फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम सक्कलै २०७८।०७।१६ गते दिनको १२:०० बजे भित्र सिलवन्दी गरी यस गाँउपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलवन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

**शर्त तथा बन्देजहरु**

१. आ.व २०७८।०७९ देखि ३ वर्षका लागी तपसिलका पोखरीको ठेक्काको न्युनतम रकम भन्दा माथि सबै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार तीन बर्षका लागि ठेक्का दिइ चलन गर्न दिइने छ ।

२. गाँउपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, गाँउपालिकाले कालो सूचिमा राखी रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य शौचालय हुनुपर्ने छ ।

३. प्राप्त बोलपत्रहरु मिति २०७८।०७।१६ गते अपरान्ह दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनुपर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५% प्रतिशतले हुने धरौटी रकम यस गाँउपालिका कार्यालयको नेपाल एस.बि.आई बेलही चपेनामा रहेका धरौटी खाता हि.नं. ४३४२५२४०६०००८ मा जम्मा गरी सो को सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार गा.पा.को कार्यालयमा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने धरौटी बाहेकको ३ बर्षलाई कबोल गरेको रकमको वार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता (वार्षिक हुन आउने रकम) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्ने छ । बाँकी रकम प्रत्येक वर्ष श्रावण मासान्त भित्र गा.पा मा अग्रिम रुपमा बुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तीन सय) विलम्ब शूल्क लाग्ने छ । विलम्ब शूल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र गाँउपालिका बिच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । सम्झौता गर्दा दाखिला गरेर बाँकी रकमको हकमा ठेक्का बाँकी अवधिको म्याद भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी वा गाँउक्षेत्र भित्रको धन तथा जेथा जमानी ) दिनु पर्ने छ ।

# राजगढ गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल

राजगढ गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय नर्घो, सप्तरी २ नं.प्रदेश, नेपाल

७. ठेकेदारले राखेको वैंक ग्यारेन्टी रकम गाँउपालिकाले जुनसुकै वखत माग गरी आफनो बक्यौता रकम असुलउपर गर्न सक्ने छ ।

८. ठेक्का चलनको सम्वन्धमा अदालत, गाँउपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नुपर्ने छ । सो पालना गर्दा कुने क्षती, हानी नोक्सानी भयो भने गाँउपालिका समक्ष माग दावी ठेकेदार गर्न पाउने छैन ।

९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन ( संघिय, प्रदेश तथा स्थानीय सरकार) वमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवारी हुनेछ ।

१०. ठेक्का चलनमा कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाइएमा वढीमा ३ पटक सम्म गाँउपालिकाले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा गाँउपालिकाले ठेक्का तोडी नियामानुसारको कारवाहीका लागी प्रकृया अगाडी वढाउने छ ।

११. नेपाल सरकारलाई वुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै वुझाउनु पर्ने छ ।

१२. कुनै किसिमको हडताल, वन्द, चक्काजाम वा वाढि पहिरो आदि भएका दिनको वा क्षति विवरण खुलाई रकम मिन्हा माग्ने पाइनेछैन ।

१३. स्वीकृत वोल रकम एक मुष्ठ जम्मा गरेमा कवोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१४. पोखरीको माछा झिक्दा विषादिको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुघर राख्नु पर्ने छ । पोखरीमा नुहाउने र पानी लिन, प्रचलित संस्कार मनाउन मनाहि गर्न पाउने छैन ।

१५. पोखरी हाल जुन अवस्थामा छ, सोहि अवस्थामा ठेक्का संचालन गर्नु पर्नेछ र पछि वाढि वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा वा टुटेमा ठेकेदारले स्वयम मर्मत गरी माछा पालन गर्नु पर्नेछ । सो मा लाग्ने खर्च गा.पा. ले व्योहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरि सफा सुग्घर राख्नु पर्नेछ ।

१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नुपर्नेछ ।

१७. वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

१८. ठेकेदार र गाँउपालिका कार्यालय विच विवाद उत्पन्न भएमा राजगढ गाँउपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१९. कुनै पनि वाहाना वा कारण देखाई ठेक्का रकम मिनाह, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

२०. यस सुचनामा उल्लेख भएका कुराहरु यसै वमोजिम र नभएका कुराहरुको हकमा प्रचालित ऐन कानुन वमोजिम हुने छ ।

२१. वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**तपसिल**

| सि.न | पोखरीको नाम | स्थान | न्युनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डवरा पोखरी | राजगढ - ४ | ३१०००।०० | साविक वेल्हीचपेना १ |
| २ | गाम वला पोखरी | राजगढ - ४ | ५१०००।०० | साविक वेल्हीचपेना १ |
| ३ | कब्रिस्तान पोखरी | राजगढ - ४ | ६१०००।०० | साविक वेल्हीचपेना २ |
| ४ | नहरी पोखरी | राजगढ - ४ | १२१०००।०० | साविक वेल्हीचपेना ४ र ५ |
| ५ | चौधरी पोखरी | राजगढ - ४ | १६०००।०० | साविक वेल्हीचपेना ३ |

# राजगढ गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६ | बरकी पोखरी पूर्णी | राजगढ - ४ | १२१०००।०० | साविक वेल्हीचपेना ३ |
| ७ | गुठी पोखरी | राजगढ - ४ | ३१०००।०० | साविक वेल्हीचपेना ८ |
| ८ | चेथवार पोखरी | राजगढ - ४ | ३१०००।०० | साविक वेल्हीचपेना ८ |
| ९ | भिरवार पोखरी | राजगढ - ४ | ५१०००।०० | साविक वेल्हीचपेना ८ |
| १० | डवरा पोखरी | राजगढ - ४ | १६०००।०० | साविक वेल्हीचपेना ८ |
| ११ | चवचा पोखरी | राजगढ - ४ | १६०००।०० | साविक वेल्हीचपेना ९ |
| १२ | भैया मडर लवका पोखरी | राजगढ - ४ | ४१०००।०० | साविक वेल्हीचपेना ९ |
| १३ | गुदराही पोखरी | राजगढ - ४ | ६१०००।०० | साविक वेल्हीचपेना ७ |
| १४ | बाबा डवरी गुठी पोखरी | राजगढ - ४ | ११०००।०० | साविक वेल्हीचपेना ७ |

रमेश प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत